मिर्चैया नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामनगर,मिर्चैया,सिरहा
मधेश प्रदेश

**मिति २०७४ साल मङ्सिर २८ गते बसेको तेस्रो नगर कार्यपालिका बैठकका प्रस्तावहरु तथा निर्णयहरुः**

मिति २०७४ साल मङ्सिर २८ गतेका दिन नगरप्रमुख श्री श्रवण कुमार यादव ज्यूको अध्यक्षतामा एवं कार्यपालिका सदस्यहरुको उपस्थितिमा देहायको बिषयहरु माथि छलफल तथा निर्णय गरि बैठक सम्पन्न गरियो ।

<u>उपस्थितिः-</u>

१.नगर प्रमुख श्री अवण कुमार यादव -अध्यक्ष

२. नगर उप-प्रमुख श्री जिबछि देबी साह -सदस्य

३.वडा अध्यक्ष-१ श्री घनिकलाल यादव -सदस्य

४. वडा अध्यक्ष-२ श्री लक्ष्मेश्वर कापर -सदस्य

५. वडा अध्यक्ष-३ श्री हरिनारायण यादव -सदस्य

६. वडा अध्यक्ष-४ श्री दिनेश कुमार यादव -सदस्य

७. वडा अध्यक्ष-५ श्री धीरेन्द्र कुमार साह -सदस्य

८. वडा अध्यक्ष-६ श्री देवकृष्ण साह -सदस्य

९. वडा अध्यक्ष-७ श्री राम कुमार यादब -सदस्य

१०. वडा अध्यक्ष-८ श्री रामजगत यादव -सदस्य

११. वडा अध्यक्ष-९ श्री श्री मोहन प्रसाद पोखरेल -सदस्य

१२. वडा अध्यक्ष-१० श्री रामचन्द मन्डल -सदस्य

१३. वडा अध्यक्ष-११ श्री कृष्ण कुमार हजाम -सदस्य

१४. वडा अध्यक्ष-१२ श्री तपेश्वर यादव -सदस्य

१५. कार्यपालिका सदस्य श्री भगिरथ साह -सदस्य

१६. कार्यपालिका सदस्य श्री विजय कुमार साह -सदस्य

१७. कार्यपालिका सदस्य श्री  निलम कुमारी हाथि  -सदस्य

१८. कार्यपालिका सदस्य श्री  कुश्मा देवी साफी  -सदस्य

१९. कार्यपालिका सदस्य श्री  रेखा कुमारी  -सदस्य

२०. कार्यपालिका सदस्य श्री बिनु कुमारी राम  -सदस्य

२१. कार्यपालिका सदस्य श्री  सुजी देवी सदा  -सदस्य

२२. कार्यपालिका सदस्य श्री  उमेश सिंह  -सदस्य

२३.प्र.प्र. अधिकृत श्री राजेन्द्र पौडेल  -सचिब

**प्रस्ताव न. १. मिर्चैया नगरपालिकाको लागि आबश्यक कार्यविधि र नियमावली पारित सम्बन्धमा ।**

**निर्णय**

यस मिर्चैया नगर पालिकाको निर्णय र  आदेश प्रमाणिकरण कार्यविधी २०७४, मिर्चैया नगरपालिकाको कार्यसम्पादन नियमावली २०७४, तथा मिर्चैया नगरपालिकाको कार्य बिभाजन नियमावली २०७४, लाई सर्वसम्मत रुपमा पारित गरी लागु गर्ने निर्णय गरियो ।

**प्रस्ताव न.२. विषयगत समितीहरुको गठन सम्धमा ।**

**निर्णय**

मिर्चैया नगर कार्यपालिकाको काम कारवाहीलाई चुस्त दुरुस्त र व्यवस्थीत गर्नका लागी तपसिल बमोजिमका व्यक्तिहरुको संयोजकत्वमा तपशिल वमोजिम बिषयगत समिति गठन गर्ने निर्णय गरियो।

विषयगत समितीहरुको विवरण :-

(क)सार्वजनिक सेवा तथा क्षमता विकास समितीः

श्री घनिकलाल यादव  - संयोजक
श्री लक्ष्मेश्वर कापर  -सदस्य
श्री निलम कुमारी हाती  -सदस्य

(ख)आर्थिक विकास समितीः

श्री हरीनारायण पादव  -संयोजक
श्री विजय शाह  - सदस्य
श्री सुर्जो देवी सदा  - सदस्य

(ग) सामाजिक विकास समिती :

श्री लक्ष्मेस्वर कापर  - संयोजक

श्री दिनेश कुमार यादव - सदस्य

श्री रेखा कुमारी - सदस्य

(घ) पुर्वाधार विकास समिती :

श्री भागिरथ साह -संयोजक

श्री तपेस्वर यादब -सदस्य

श्री निलम कुमारी हाती -सदस्य

(ङ) वातावरण तथा विपद व्यवस्थापन समिती:

श्री राम कुमार पादव -संयोजक

श्री देब कृष्ण साह -सदस्य

श्री कुसमा देबी साफी -सदस्य

(च) विधेयक समिती:

श्री राम जगत यादव -संयोजक

श्री रामचन्द्र मण्डल - सदस्य

श्री बिनु कुमारी राम - सदस्य

(छ) सुशासन समिती:

श्री धिरेन्द्र शाह - संयोजक

श्री मोहन प्र. पोखेल - सदस्य

श्री बिनु कुमारी राम -सदस्य

**प्रस्ताव न.३.** कार्यपालिकाको प्रबक्ता तोक्ने सम्वन्धमा ।

निर्णय

मिर्चया नगर कार्यपालिकाको निर्णय सम्बन्धमा जानकारी दिनको लागी कार्यपालिका सदस्य श्री कृष्ण कुमार हजामलाई कार्यपालिकाको प्रवक्ता तोक्ने निर्णय गरियो।

**प्रस्ताव न.४. सुचना प्रविधी अधिकृत (IT officer) नियुक्ति प्रकृया सम्वन्धमा ।**

निर्णय

संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय अन्तरगतमा रहेको स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) शाखाले स्थानिय तहहरुलाई सुचना प्रविधियुक्त बनाई सेवा प्रवाहसंग आवद्ध गर्ने गरी सबै गाँउपालिका तथा नगरपालिकाहरुमा १/१ जनाका दरले सुचना प्रविधी अधिकृत (IT officer) व्यवस्था गर्ने गरी चालु आ.ब.२०७४/०७५ मा स्वीकृत वार्षिक कार्यक्रम बमोजिम बजेट तथा कार्यक्रम पठाई सकेको र नेपाल सरकारको मिती २०७४/७/१७ को सचिबस्तरीय निर्णय अनुसार सम्बन्धित स्थानिय तहले नै तोकीए

बमोजिमको सर्तको अधिनमा रही सुचना प्रविधी अधिकृतको सेवा करार गरी लिने भन्ने उल्लेख भइ आएको हुँदा मिर्चैया नगरपालिको लागी सुचना प्रविधी अधिकृत (IT officer) सेवा करारमा लिने र सो को लागी प्रक्रिया अगाडी बढाउने भनि सर्वसम्मतबाट निर्णय गरियो।

**प्रस्ताव न. ५.स्वास्थ्य शाखा संग सम्बन्धित विषयहरुमा ।**

## निर्णय

(क) यस मिर्चैया नगरपालिकाको लागी स्वीकृत ससर्त अनुदान अन्तरगत एकिकृत जिल्ला स्वास्थ्य कार्यक्रमको निशुल्क स्वास्थ्य सेवाका लागि औषधि खरीद शिर्षकमा रहेको रकम मध्ये रु ७०००००।-रकमको सार्बजनिक खरीद ऐन २०६३ र नियमावली २०६४ बमोजिम औषधि खरीद गर्ने निर्णय गरीयो ।

(ख) ससर्त अनुदानको एकिकृत जिल्ला स्वास्थ्य कार्यक्रम अन्तर्गत जिल्ला अस्पताल र सो भन्दा तलका सरकारी स्वास्थ्य संस्थाहरुमा प्रशुती हुने सुत्केरी तथा नवजात शिशुलाई न्यानो झोला (लुगा सेट) उपलब्ध गराऊनको लागि विनियोजित भएको स्वीकृत रकम रु ३,७२,००० रुपियाको न्यानो झोला (लुगा सेट) खरीद गरी वितरण गर्ने निर्णय गरियो।

(ग) मिती २०७४।८।१९ गते महिला स्वास्थ्य सेविका दिवस मनाएको खर्च रकम रु २६,००० भुक्तानी दिने निर्णय गरियो ।

**प्रस्ताव न. ६.वडा स्तरीय आयोजनाहरुको छनौट सम्बधमा ।**

## निर्णय

यस नगरपालिकाको वडा न. १ देखि १२ सम्मका सबै वडाहरुमा वस्ती तथा टोलस्तरबाट आयोजना तथा कार्यक्रमहरु छनौट गरि वडा समितीमा पेश गर्ने र टोल बस्तिस्तरबाट प्राप्त आयोजना र कार्यक्रमलाई बिषय क्षेत्र छुट्याई आयोजनाको प्राथमिकीकरण गरि बजेट तथा कार्यक्रम तर्जुमा समितीमा पन्ध्र दिन भित्र शिफारिस गरी पठाउने निर्णय गरियो ।